# Mahalaxmi Garments Industries

(READYMADE GARMENTS MANUFACTURING & EXPORTERS)

**ADDRESS:**
Narsingh Kunj
Naxal Devi Marg
Gyaneshwor
Post box: 4206
Kathmandu, Nepal
Email: mahalaxmigarmentindustries@gmail.com

**FACTORY:**
Tahachal
Opp. Hotel Soltee
Post box: 4206
Kathmandu, Nepal


अत्यन्त जरुरी

च.नं. १०/७९/८० | मिति :- २०७९/०४/२६

**माननीय गर्भनर ज्यू,**
**श्री महा प्रसाद अधिकारी ज्यू,**
**श्री नेपाल राष्ट्र बैंक**
**बालुवाटार, काठमाडौं, नेपाल ।**

**विषय : रा. बा. बैंकमा चल्ती कर्जा कारोबारको लागि उद्योगले धितो दिएको सम्पत्तिहरु मध्ये कि.नं. २६६, २६७ र २६८ को घर–जग्गा सम्पत्ति बैंकले पुर्नमूल्याङ्कन समेत नगरी खरीदकर्तासँग सेटिङ्गमा बोलपत्र आह्वान गरेको र बोलपत्रको रकम समेत जम्मा नलिई स्वामित्व हस्तान्तरण गरेको गैरकानूनी कार्यको छानबिन सम्बन्धमा**

**माननीय गर्भनर ज्यू,**

उपरोक्त सम्बन्धमा मैंले मिति २०७९/०३/२४ मा माननीय गर्भनरज्यू समक्ष निवेदन पेश गरेको थिए ।

माननीय गर्भनर ज्यू, रा. बा. बैंकमा चल्ती कर्जा कारोबारको लागि उद्योगले धितो दिएको सम्पत्तिहरु मध्ये उद्योगको कि.नं. २६६, २६७ र २६८ को घर–जग्गा सम्पत्तिको मिति २०६२/०३/१७ मा राष्ट्रिय वाणिज्य बैंकद्वारा निकालिएको उक्त लिलामी र सो सम्बन्धमा बैंकद्वारा सेटिङ्गमा भए गरिएका अनियमितता र गैरकानुनी काम कारवाहीको विषयमा श्री व्यवस्थापिका संसद सार्वजनिक लेखा समितिद्वारा पटक–पटक नेपाल राष्ट्र बैंकलाई कारबाहीका लागि पत्राचार गरिएको नेपाल राष्ट्र बैंकलाई जानकारी नै छ ।

श्री व्यवस्थापिका संसद सार्वजनिक लेखा समितिको निर्देशानुसार नेपाल राष्ट्र बैंकले राष्ट्रिय वाणिज्य बैंकका श्रीमान् प्रमुख कार्यकारी निर्देशकलाई मिति २०६६/०२/२० (पत्र. सं. बै.वि.नि.वि./जि.एच.सि/८७/०६५/६६) मा तथा पुनः मिति २०६६/०३/०७ (पत्र. सं. बै.वि.नि.वि./जि.एच.सि/९४/०६५/६६) मा यथाशीघ्र प्रतिवेदन उपलब्ध गराउन भनी पत्रहरु पठाएको थियो ।

माननीय गर्भनरज्यू, माथि उल्लेखित नेपाल राष्ट्र बैंकले राष्ट्रिय वाणिज्य बैंकलाई यथाशीघ्र प्रतिवेदन उपलब्ध गर्न भनी पत्रहरु पठाएकोमा राष्ट्रिय वाणिज्य बैंकबाट प्रतिवेदन प्राप्त भएकोमा नेपाल राष्ट्र बैंकबाट के कारवाही भएको जानकारी पाँउ भनी सादर विनम्र अनुरोध गर्दछु ।

माननीय गर्भनरज्यू, बैंक तथा वित्तीय संस्थाबाट उद्योगविरुद्ध भए गरिएका अनियमितता र गैरकानुनी काम कारबाहीको छानबिन, जाँचबुझ गरी कारबाही गर्ने नियामक निकाय श्री नेपाल राष्ट्र बैंक रहेकोले नेपाल राष्ट्र बैंकबाट उद्योगीको गुनासो सम्बोधन गरी कारवाही गरिदिनुहुन सादर विनम्र अनुरोध गर्दछु । यथाशीघ्र कारवाही गरी उद्योगलाई न्याय दिनका लागि माननीय गर्भनरज्यू समक्ष सादर अनुरोध गर्दछु ।

**संलग्न कागजातहरु :**

१) मिति २०७९/०३/२४ मा माननीय गर्भनरज्यू समक्ष पेश निवेदनको प्रतिलिपि

**माननीय गर्भनरज्यूबाट सहयोगको अपेक्षा राख्दै**

**निवेदक**
बृज गोपाल इनानी
प्रोपाइटर
महालक्ष्मी गार्मेन्ट इन्डष्ट्रीज
पोष्ट बक्स नं. ४२०६,काठमाडौं, नेपाल ।
फोन नं.:– ९७७–९८४९६५०५१४
E-Mail:- mahalaxmigarmentindustries@gmail.com
Website :- www.mginepal.com